आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

फोन नं.: ०६१- ४६७७३२
०६१-४६७७३३
फ्याक्स : ०६१- ४६७७११
Email:moialp4@gmail.com
www.

पत्र संख्याः ०७७/७८
चलानी नं. :

# प्रेस विज्ञप्ति

मिति २०७७ साल भदौ १८ गते राती अन्दाजी १.०० वजेको समयमा परेको अविरल वर्षाको कारण गण्डकी प्रदेशको वाग्लुङ जिल्ला ढोरपाटन न.पा.६,७,८ र ९ भुसुण्डे, दुनेपोखरा, लाकुरीबोटमा आएको बाढी तथा पहिरो जाँदा भएको जनधनको क्षतिप्रति प्रदेश सरकार दुःख प्रकट गर्दै मृतकहरुप्रति हार्दिक समवेदना र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ । उक्त घटनामा ११ जना व्यक्तिहरुको घटनास्थलमा शव फेला परेको साथै १३ जना व्यक्तिहरु पहिरोमा परि वेपत्ता भएका र ४ जना व्यक्तिहरु घाइते भएका छन ।ढोरपाटन न. पा. ९ सुकुदुङमा रहेको स्वास्थ्य चौकीको भवन लगायत स्थानीय १३ वटा घर पुर्ण रुपमा वगाएर क्षति पुर्याएको, पहिरोले भुसुण्डेमा पार्किङ गरी राखेको पिकअप जिप, खोलाको झोलुङ्गेपुल समेत बगाएको छ । उक्त घटनास्थलमा नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरीका सुरक्षाकर्मीहरु तथा स्थानीय नागरीकहरु पुगी खोज तथा उद्धार कार्य भईरहेको छ।

बेपत्ता भएका नागरिकहरुको खोजी कार्य लगायत बाढी पहिरोबाट भएको जनधनको क्षतिको यथार्थ मूल्याङ्कन गर्न जिल्लास्थित स्थानीय प्रशासन र सुरक्षा निकायहरुलाई निरन्तर सतर्क र क्रियाशिल वनाईएको छ । घटनास्थलतर्फ जाँदा बाटो अवरुद्ध भएता पनि जिल्लास्थित निकायहरु परिचालित भईरहेका छन । खोज, उद्धार लगायतका कार्यमा जुटन जिल्ला विपद् व्यवस्थापन समिति र प्रमुख जिल्ला अधिकारीलाई निर्देशन भैसकेको छ ।साथै खोज तथा उद्धारमा सहयोग गर्न आ-आफ्नो ठाउबाट सहयोग गरिदिनुहुन सम्पूर्ण संघसंस्था नागरिकहरुसंग प्रदेश सरकार हार्दिक अपिल गर्दछ ।

मितिः२०७७।०५।१८ गते

काशी राम गैरे
प्रवक्ता